annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६३, पृष्ठ ८ | काठमाडौं, बिहीबार ३० असोज २०८२ | कार्तिक कृष्णपक्ष दशमी, नेपाल संवत् ११४५ | THURSDAY, OCTOBER 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## जेन-जी आन्दोलनले हल्लायो दलहरूको जग

### तीनवटै दल महाधिवेशनमा होमिँदै : देउवाको अवकाश, ओलीमाथि दबाब, प्रचण्ड दोधारमा



**सुरेन्द्र काफ्ले/राधा खनाल/राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

राजनीतिक दलहरू अहिले असहज मौनतामा छन् । उनीहरूलाई यतिबेला न सत्ता जितेको आनन्द छ, न विरोधको ऊर्जामै रमाउने आत्मसन्तुष्टि । 'जेन-जी आन्दोलन' नामको अनपेक्षित भूकम्पले दलहरूको पुरानो ढाँचा हल्लाइ दिएको छ । जनता अब मुकदर्शक होइनन् भन्ने यथार्थको झड्का यति कडा पर्‍यो कि, दसैंपछि मंसिरसम्म पुग्दा ठूला भनिएका तीनै दलका शीर्ष नेतृत्व महाधिवेशन तोक्न तयार भएका छन् ।

समाचार पृष्ठ २

## मधेसको चौथो मुख्यमन्त्री बने जितेन्द्र सोनल

**गोविन्द महतो** | *जनकपुरधाम*



मधेसको मुख्यमन्त्रीमा जितेन्द्रप्रसाद सोनार (सोनल) नियुक्त भएका छन्। मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मधेसको मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टीका नेता जितेन्द्र सोनललाई नियुक्त गरेकी हुन्। नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम उनी मुख्यमन्त्री नियुक्त भएका हुन्।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गरेर दाबी पेस गरिएकोमा प्रदेश प्रमुखको कार्यालयले मुख्यमन्त्रीमा सोनललाई नियुक्त गरेको हो। सोनललाई जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी) सहित ५ राजनीतिक दलका ५६ जना प्रदेशसभा सदस्यहरूको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त गरिएको हो।

**खिचातानीले पेचिलो**

मधेस प्रदेशको मुख्यमन्त्रीको नियुक्तिको प्रक्रिया पेचिलो बन्दै थियो। पछिल्लो राजनीतिक घटनाक्रमले जनमतको विग्रहका कारण मधेसको मुख्यमन्त्रीको नियुक्ति पेचिलो बनेको थियो। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नयाँ सरकार गठनका लागि आहान गरेको २४ घण्टाको समयावधिमा छुट्टाछुट्टै दुईवटा दाबी पेस भएपछि मुख्यमन्त्रीको नियुक्ति प्रक्रिया पेचिलो बनेको थियो।

» बाँकी पृष्ठ ३

## पूर्वसभामुख महरा थुनामा

**काठमाडौं** (अन्नपूर्ण) : सुन तस्करी प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महरालाई जिल्ला अदालत काठमाडौंले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ। न्यायाधीश हर्कबहादुर क्षेत्रीको एकल इजलासले थुनछेक बहसपछि महरालाई थुनामा पठाउने आदेश गरेको हो। महरा कसुरदार देखिने आधार भएको उल्लेख गर्दै हाललाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्न आदेश भएको हो।



जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठका अनुसार महरालाई अदालतको आदेशबमोजिम केन्द्रीय कारागार सुन्धारा, जगन्नाथदेवल पठाइएको छ। भन्सार ऐन, २०६४ र संगठित अपराधको कसुरमा महरालाई प्रहरीले आइतबार पक्राउ गरेको थियो।

» बाँकी पृष्ठ ३

